गजुरी गाउँपालिका

# गाउं कार्यपालिकाको कार्यालय गजुरी

धादिङ

प्रदेश नं. ३ नेपाल

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति:२०७७/०९/२८)

यस गजुरी गाउंपालिकाको चालु आ.व. २०७७/०७८ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत निम्नानुसार निर्माण कार्य शिलबन्दी दरभाउपत्रको माध्यमद्धारा गराउन पर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त अनुभवी, योग्य र इच्छुक नेपाली निर्माण व्यवसायीवाट निम्न शर्तको अधिनमा रही रितपूर्वक गोप्य शिलवन्दी दरभाउपत्र आब्हान गरिन्छ ।

१. दरभाउपत्र प्रथम पटक प्रकाशित मितिले १५ औं दिनसम्म यस कार्यालयमा तपशिलमा उल्लेख गरे बमोजिमको नगद रकम (पछि फिर्ता नहुने गरी) बूफाएको रसिद, आ.व. ०७७/०७८ लागि नविकरण भएको इजाजत पत्र र आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाण पत्र आ.व.०७६/०७७ सम्मको आयकर चूक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छुक इजाजत प्राप्त निर्माण व्यावसायी वा निजको प्रतिनिधिले कार्यालय समयभित्र रित पूर्वक निवेदन दिई यस कार्यालयबाट छुट्टाछुट्टै दरभाउपत्र फारम खरिद गर्न वा तल उल्लेख भए अनूसारको दरभाउपत्र दस्तूर राष्ट्रिय बाणिज्य वैक धादिङवेसी शाखाको यस कार्यलयको **खाता नं.** १०५०१००३०१०१०००२ खातामा जम्मा गरेको बैक भौचर जम्मा हुने गरि सकिने छ । अधिकार प्राप्त प्रतिनिधी मार्फत शिलवन्दी दरभाउपत्र प्रक्रीयामा भाग लिन अनिवार्य रुपमा अधिकारपत्र (Power of Attorney) पेश गर्नूपर्ने छ ।

२. खरिद भएका शिलबन्दी दरभाउपत्रहरुको प्रत्येक आइटम स्पष्टसंग भरी, निर्माण व्यवसायीले प्रत्येक पानामा सही छाप र शिलवन्दी गरी खाम वाहिर फर्मको नाम ठेगाना र काम लेखी सुचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेसम्म यस कार्यालयमा शिलबन्दी दरभाउपत्र पेश गरी सक्नु पर्नेछ । दर्ता हुन आएका शिलवन्दी दरभाउपत्र सोही दिनको १४:०० वजे यस कार्यालयमा शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो शिलबन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

३. शिलबन्दी दरभाउपत्र फारमसाथ धरौटी वापत तल उल्लेख भएअनूसारको धरौटी जमानत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य वैंक धादिङवेंशी शाखामा रहेको **धरौटी खाता नं.** १०५०१००३०३००००००२ मा रकम जम्मा गरेको सक्कल भौचर वा मन्यता प्राप्त वैंकबाट यस कार्यालयको नाममा जारी भएको दरभाउ पत्र पेशगर्ने अन्तिम मितिदेखी कम्तिमा ७५ दिन म्याद भएको शर्त रहित वैक ग्यारेन्टी (विड वण्ड) पेश गर्नू पर्नेछ ।

४. शिलबन्दी दरभाउपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माणस्थल र कामको सम्वन्धमा राम्रोसंग बुझी साइट निरीक्षण गरी शिलबन्दी दरभाउपत्र भरेको मानिनेछ ।

५. शिलबन्दी दरभाउपत्रदाताले आफुले कवोल गरेको अंक मूल्यअभिवृद्धि कर वाहेकको हुनूपर्नेछ । मूल्यअभिवृद्धि करको रकम समेत एक मुष्ट भुक्तानी गरिनेछ ।

६. शिलबन्दी दरभाउपत्र भर्दा दररेट स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ, उल्लेखित अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७. दरभाउपत्र शर्त रहित, यस कार्यालयले उपलब्ध गराएको शिलबन्दी दरभाउपत्र पूस्तिकामा दररेट भर्दा केरमेट भएमा सहीछाप भएको हुनुपर्ने छ, समयभित्र प्राप्त नभएको, रित नपुगेको, सुचनाको शर्त विपरित भएको शिलबन्दी दरभाउपत्र माथि कुनै कारवाही हुनेछैन ।

८. कार्यालयको हितलाई ध्यानमा राखी कूनैपनि कारण जनाई वा नजनाई शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरिक्षित रहने छ ।

९. प्रचलित ऐन नियम अनुसार लाग्ने संपूर्ण करहरु शिलबन्दी दरभाउपत्र दाता स्वयंले व्यहोर्नु पर्नेछ ।

१०. एक फर्मको नाममा खरिद भएको दरभाउपत्र कागजात अर्को ब्यक्ति वा फर्मको नामवाट दाखिला गर्न पाईनेछैन ।

११. शिलवन्दी शिलबन्दी दरभाउपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो पछि कार्यालय खोलेको दिन कमश माथि उल्लेख भएका समयमा शिलबन्दी दरभाउपत्र खरिद, दर्ता र खोल्ने काम हुनेछ ।

१२. यसमा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

### कामको विवरण

| सि.न. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रु (कन्टेन्जेन्सी र भ्याट बाहेक) | धरौटी रकम रु. | दरभाउपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | Gajuri/Works/ NCB-10/2077/078 | गाउपालिका भवनमा वाल निर्माण | १७,१७,८९१।८८ | ५०,०००।०० | १०००।०० |
| २. | Gajuri/Works/ NCB-11/2077/078 | सागर भञ्ज्याङ महादेव खर्क सडक | १५,४६,२६०।२३ | ४५,०००।०० | १०००।०० |
| ३. | Gajuri/Works/ NCB-12/2077/078 | लामाचिरा मन्दिर निर्माण | १२,८८,२७०।४८ | ३५,०००।०० | १०००।०० |
| ४. | Gajuri/Works/ NCB-13/2077/078 | गाउपालिकाको भवन हुंदै ईलाका प्रहरी कार्यालय सम्म जाने बाटो | १७,२३,७७५।३६ | ५०,०००।०० | १०००।०० |
| ५. | Gajuri/Works/ NCB-14/2077/078 | रुद्रेश्वर मन्दिर जाने बाटो तथा ढल निर्माण | १७,२३९२२।४२ | ५०,०००।०० | १०००।०० |
| ६. | Gajuri/Works/ NCB-15/2077/078 | मायाटार धरमपानी वेलभञ्ज्याङ सडक निर्माण | १७,२३,४५८।९७ | ५०,०००।०० | १०००।०० |
| ७. | Gajuri/Works/ NCB-16/2077/078 | आदर्श क्याम्पस सडक कालोपत्रे | १७,२४,०४८।४८ | ५०,०००।०० | १०००।०० |

..............................

प्रमूख प्रशासकीय अधिकृत